नेपाली सेना
श्री भर्ना छनौट निर्देशनालय
जङ्गी अड्डा

# प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा बिल्लादार पदहरुको लागि दरखास्त आव्हान

(पहिलो पटक प्रकाशित मिति: २०८२/१२/२७ गते)

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा बिल्लादार पदहरू खुला प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । देहायका योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या** :

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समुह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०८२/८३/६५ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | १ | ५ | १ | २ | १ | | | १० |
| २ | ०८२/८३/६६ | प्रा.सु. ओभरसियर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | | १ | | | | | | १ |
| ३ | ०८२/८३/६७ | प्राड जम. | सैनिक प्राड | - | - | | | | | १ | | | १ |
| ४ | ०८२/८३/६८ | प्रा.जम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | १ | १ | | १ | | | | ३ |
| ५ | ०८२/८३/६९ | प्रा.जम. रेडियो मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | ४ | १ | १ | १ | १ | | ८ |
| ६ | ०८२/८३/७० | प्रा.जम. छापाखाना | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोवैज्ञानिक | | | | १ | | | | १ |
| ७ | ०८२/८३/७१ | प्रा.जम. (ए.एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार | - | | | १ | | | | | १ |

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समुह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| ८ | ०८२/८३/७२ | प्रा.जम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक | सैनिक हवाई | हवाई सम्भार | - | | १ | | | | | | १ |
| ९ | ०८२/८३/७३ | पण्डित हुद्दा | सैनिक विविध | पुजारी | - | | ३ | १ | १ | १ | १ | | ७ |
| १० | ०८२/८३/७४ | प्रा.अम. मेडिकल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | १ | ७ | २ | २ | २ | १ | | १५ |
| ११ | ०८२/८३/७५ | प्रा.अम. डेन्टल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेन्टल | १ | ६ | १ | १ | १ | १ | | ११ |
| १२ | ०८२/८३/७६ | प्रा.अम. जनरल मेकानिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | उत्पादन | १ | १३ | ३ | ३ | ३ | २ | १ | २६ |
| १३ | ०८२/८३/७७ | प्रा.अम. ईलेक्ट्रिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | उत्पादन | १ | ५ | १ | १ | १ | | | ९ |
| १४ | ०८२/८३/७८ | प्रा.अम. आरमोरर मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | | | १ | | | | १ |
| १५ | ०८२/८३/७९ | प्रा.अम. आर्मामेन्ट मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | १ | | | | | | १ |
| १६ | ०८२/८३/८० | प्रा.अम. रेडियो मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | ४ | ४२ | ७ | ११ | १० | ५ | १ | ८० |
| १७ | ०८२/८३/८१ | प्रा.अम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | ५ | | | १ | १ | १ | ८ |
| १८ | ०८२/८३/८२ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | ३ | १ | | १ | | | ५ |
| १९ | ०८२/८३/८३ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | | २ | | १ | १ | | | ४ |
| २० | ०८२/८३/८४ | प्रा.अम. जनरल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा सम्भार | २ | १२ | २ | ३ | ३ | १ | १ | २४ |
| २१ | ०८२/८३/८५ | प्रा.अम. ईलेक्ट्रिसियन | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | | १ | | १ | | | | २ |
| २२ | ०८२/८३/८६ | प्रा.अम. प्लम्बर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | | २ | | १ | १ | | | ४ |
| २३ | ०८२/८३/८७ | प्रा.अम. पेन्टर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | | १ | | | | | | १ |
| २४ | ०८२/८३/८८ | प्रा.अम. वैल्डर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | | १ | | | | | | १ |

| क.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समुह | उपसमुह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| २५ | ०८२/८३/८९ | प्रा.अम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सूचना प्रविधि | | २ | | | | १ | | ३ |
| २६ | ०८२/८३/९० | प्रा.अम. सर्भे | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सर्भे | | १ | | | | | | १ |
| २७ | ०८२/८३/९१ | प्रा.अम. भेटेरीनरी | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | | | | | | १ | | १ |
| २८ | ०८२/८३/९२ | प्रा.अम. ब्याण्ड | सैनिक प्राविधिक | अन्य प्राविधिक | सैनिक ब्याण्ड | | १ | | | | | | १ |
| २९ | ०८२/८३/९३ | प्रा.अम. असवाव | सैनिक प्राविधिक | अन्य प्राविधिक | असवाव खाना | | | | | १ | | | १ |
| ३० | ०८२/८३/९४ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार | - | | २ | १ | | १ | | | ४ |
| ३१ | ०८२/८३/९५ | प्रा.अम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक | सैनिक हवाई | हवाई सम्भार | - | | २ | | १ | | | | ३ |
| ३२ | ०८२/८३/९६ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | | १ | | | १ | | | २ |
| ३३ | ०८२/८३/९७ | प्रा.अम. एभिएसन स्टोर | सैनिक हवाई | अन्य हवाई | एभिएसन बन्दोवस्ती तथा प्राप्ती | | १ | | | | | | १ |
| ३४ | ०८२/८३/९८ | प्रा.अम. डिस्प्याचर | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | | | १ | | | | | १ |
| ३५ | ०८२/८३/९९ | अमल्दार कर्मचारी | सैनिक विविध | कर्मचारी | - | ५ | ४५ | ७ | १२ | ११ | ६ | १ | ८७ |
| जम्मा | | | | | | १७ | १७१ | ३० | ४४ | ४२ | २१ | ५ | ३३० |

**नोटः** *प्रा.- प्राविधिक, सु.- सुबेदार, जम.- जमदार, अम.- अमल्दार, सै.उ.- सैनिक उपचारिका ।*

३. **दरखास्त पेश गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८२/१२/२७ गतेदेखि मिति २०८३/०१/२६ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८३/०१/२७ गतेदेखि मिति २०८३/०२/०२ गतेसम्म थप दिन ७ (सात) हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र दरखास्त दस्तुर (राजस्व) बुझाई दर्ता गर्न सकिने छ।

(ग) **स्थान** : नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भर्‍याङ्ग, स्वयम्भू ।

४. **दरखास्त दस्तुर** : दरखास्त फाराम बुझाउँदा उम्मेदवारहरुले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४, परीक्षा शुल्क) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कलै भौचर १ (एक) वा अनलाईन मार्फत दस्तुर तिर्नेको हकमा दस्तुर तिरेको भुक्तानी रसिदको प्रतिलिपि १ (एक) अनलाईन भरेको दरखास्त फाराम साथ पेस गर्नु पर्नेछ । सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ ।

(क) प्रा.सु. - रु.४००।- (ख) प्रा.जम. र लेखा जम. - रु.३००।- (ग) पण्डित हुद्धा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी - रु.२००।-

५. **आवश्यक योग्यता :**

(क) **शैक्षिक योग्यता** :

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०८२/८३/६५ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २ | ०८२/८३/६६ | प्रा.सु. ओभरसियर | सिभिल इन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |
| ३ | ०८२/८३/६७ | प्राड जम. | दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको । | |
| ४ | ०८२/८३/६८ | प्रा.जम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित ट्रेडमा तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको । | |
| ५ | ०८२/८३/६९ | प्रा.जम. रेडियो मेकानिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित ट्रेडमा तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको । | |
| ६ | ०८२/८३/७० | प्रा.जम. छापाखाना | प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मुद्रण व्यवस्थापन वा मुद्रण प्रविधि सम्बन्धी तह दुईको सिप परीक्षा उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा तीन वर्षको कार्य अनुभव भएको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ७ | ०८२/८३/७१ | प्रा.जम. (ए. एण्ड सी.) मेकानिकल | मेकानिकल विषयमा प्रवीणता प्रमाणपत्र तह (ईन्टरमिडियट अफ ईन्जिनियरिङ्ग) उत्तीर्ण गरेको । | |
| ८ | ०८२/८३/७२ | प्रा.जम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक | ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक सम्बन्धी कुनै एक विषयमा प्रवीणता प्रमाणपत्र तह (ईन्टरमिडियट अफ ईन्जिनियरिङ्ग) उत्तीर्ण गरेको । | |

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| ९ | ०८२/८३/७३ | पण्डित हुद्दा | पूर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| १० | ०८२/८३/७४ | प्रा.अम. मेडिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सि.एम.ए. तालिम वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा मेडिकल सम्बन्धी सो सरह मान्यता प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यावसायीक परिषद्मा दर्ता भएको । | |
| ११ | ०८२/८३/७५ | प्रा.अम. डेन्टल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तिमा दुई वर्ष डेन्टल हाइजेनिष्ट वा सो सरह डेन्टल सम्बन्धी मान्यता प्राप्त तालिम उत्तीर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको । | |
| १२ | ०८२/८३/७६ | प्रा.अम. जनरल मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाले तोकेको तालिम वा विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| १३ | ०८२/८३/७७ | प्रा.अम. ईलेक्ट्रिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरि इलेक्ट्रिकल विषयमा कम्तीमा एक वर्षे तालिम उत्तीर्ण गरेको वा विज्ञान विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको । | |
| १४ | ०८२/८३/७८ | प्रा.अम. आरमोरर मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेसिन फिटर ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १५ | ०८२/८३/७९ | प्रा.अम. आर्मामेन्ट मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेसिन फिटर ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १६ | ०८२/८३/८० | प्रा.अम. रेडियो मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी इलेक्ट्रोनिक्स ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १७ | ०८२/८३/८१ | प्रा.अम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी अटोमोवाइल (भेहिकल) ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| १८ | ०८२/८३/८२ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १९ | ०८२/८३/८३ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| २० | ०८२/८३/८४ | प्रा.अम. जनरल मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको । | |
| २१ | ०८२/८३/८५ | प्रा.अम. ईलेक्ट्रिसियन | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी ईलेक्ट्रिसियन सम्बन्धी विषयमा तह एक उत्तीर्ण गरेको । | |
| २२ | ०८२/८३/८६ | प्रा.अम. प्लम्बर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी प्लम्बर सम्बन्धी विषयमा तह एक उत्तीर्ण गरेको । | |
| २३ | ०८२/८३/८७ | प्रा.अम. पेन्टर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी पेन्टर सम्बन्धी विषयमा तह एक उत्तीर्ण गरेको । | |
| २४ | ०८२/८३/८८ | प्रा.अम. वैल्डर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वैल्डर सम्बन्धी विषयमा तह एक उत्तीर्ण गरेको । | |
| २५ | ०८२/८३/८९ | प्रा.अम. कम्प्युटर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरी डेस्कटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटाबेस सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको विशेष तालिम उत्तीर्ण गरेको । | |
| २६ | ०८२/८३/९० | प्रा.अम. सर्भे | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अमिन तालिम उत्तीर्ण गरेको । | |
| २७ | ०८२/८३/९१ | प्रा.अम. भेटेरिनरी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी भेटेरिनरी जे.टि.ए. तालिम (पन्ध्र देखि अठार महिना) उत्तीर्ण गरेको । | |
| २८ | ०८२/८३/९२ | प्रा.अम. ब्याण्ड | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अर्केष्ट्रा समूह (गिटार, कि बोर्ड, भायोलिन, चेलो, ट्रम्पेट, स्याक्सोफोन, पाइपर, गायन) मध्ये कुनै एक वाद्यवादन वा गायन सम्बन्धी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको बेशिक तालिम उत्तीर्ण गरेको । | |
| २९ | ०८२/८३/९३ | प्रा.अम. असवाव | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा काम गर्न सक्ने अनुभवको प्रमाणपत्र प्राप्त गरेको । | |

| क.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| ३० | ०८२/८३/९४ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| ३१ | ०८२/८३/९५ | प्रा.अम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| ३२ | ०८२/८३/९६ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ३३ | ०८२/८३/९७ | प्रा.अम. एभिएसन स्टोर | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी ६ महिनाको स्टोर किपिङ तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ३४ | ०८२/८३/९८ | प्रा.अम. डिस्प्याचर | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ) वा लजिष्टिक सम्बन्धी तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| ३५ | ०८२/८३/९९ | अमल्दार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |

<u>नोट</u> : ***शैक्षिक योग्यतामा उल्लिखित एस.एल.सी. भन्नाले हालको एस.ई.ई.लाई जनाउने ।***

(ख) **शारीरिक योग्यता :**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै. |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| | | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका बहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |
| | | BMI | न्यूनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने । | | |

(ग) **अन्य योग्यता :**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद** : उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०१/२६ गतेसम्म १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको (जन्म मिति २०५८/०१/२६ गतेदेखि मिति २०६५/०१/२६ गतेसम्म) हुनुपर्ने ।

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार :**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिले उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार ३५ वर्ष (वि.सं. २०४८/०१/२६ गते र सो पछि जन्म मिति भएको) उमेर पुरा नभएसम्म बढीमा ३ (तीन) पटक आवेदन दिन सक्नेछन् । सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस पत्र (पटक खुलेको) अनिवार्य हुनु पर्नेछ ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०१/२६ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ ।

८. **पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू** : देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरू मान्य हुने छैन । दरखास्त दिन आउँदा पेस गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य वोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द/त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(घ) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-2/CGPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र कुनैपनि बिषयमा D+ भन्दा कम हुन नहुने । लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ङ) विज्ञापनमा उल्लिखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम् शैक्षिक योग्यता पुगेको मानिनेछ ।

(च) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : दरखास्त फाराम दर्ता पश्चात मिति २०८३/०२/१३ गतेको ११०० बजे, नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परिक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिने छ ।

११. **छनौट प्रक्रिया** : उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुने), प्रयोगात्मक परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ । कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि सञ्चालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन् । भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **ARMY SYLLABUS** मा हेर्न सकिनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू :** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरु :**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफु कार्यरत रहेको व्यहोरा अनिवार्य रुपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनु पर्नेछ र त्यस्तो नगरेमा दरखास्त लगायत सम्पूर्ण परीक्षा रद्ध गरिनेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरूले आ-आफ्नो प्रवेश पत्र, २X२ साईजको फोटो र सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले आदिवासी/जनजाति, मधेसी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेस गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेस गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(च) उम्मेदवारहरूले पेस गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तर्वार्तामा समेत पेस गर्नु पर्नेछ । उम्मेदवारहरूले पेस गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी :**

(क) नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ । साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेद्वारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् ।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भए पछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने ।

(ङ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र निवेदकको सहिछाप सहित नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा तोकिएको मिति भित्र पेस गर्नु पर्नेछ ।

(च) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१५. **विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. (क) **"सैनिक सेवा नियमावली-२०६९", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४"** र **"सैनिक विविध सेवा नियमावली, २०७४"** को आधारमा पदपूर्ति गरिनेछ ।

(ख) यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सम्पूर्ण सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारका पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(राज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक

नेपाली सेना
श्री भर्ना छनौट निर्देशनालय
जङ्गी अड्डा

# प्राविधिक/हवाई/विविध सेवा तर्फका बिल्लादार पदहरू (आन्तरिक) को लागि दरखास्त आव्हान

मितिः २०८२/१२/२६ गते ।

१. नेपाली सेनामा रिक्त रहेको **प्राविधिक/हवाई/विविध सेवा तर्फका बिल्लादार पदहरू** आन्तरिक प्रतियोगिताद्वारा छनौट गरी पदपूर्ति गर्ने सिलसिलामा देहाय बमोजिम पदहरुको लागि योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट प्रति सहित स्वयं उपस्थित भई आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र तथा प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो प्रति-४ (चार), २ X २ साईजको फोटो प्रति-१ (एक), ने.सै.फा.नं.८ र युनिटपतिको सिफारिस सहितको प्रो-फाराम प्रत्येक उम्मेदवारले नेपाली फायलमा संलग्न गरी मिति २०८२/१२/२७ गतेदेखि मिति २०८३/०१/२६ गतेसम्म कार्यालय समय भित्र नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. <u>पदपूर्ति गर्नुपर्ने पद र संख्या</u>:

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समूह | उप-समूह | आ.प्र. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ०८२/८३/आ/३८ | पण्डित हुद्दा | सैनिक विविध | पुजारी | - | ३ | |
| २ | ०८२/८३/आ/३९ | प्रा.अम. मेडिकल् | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | १० | |
| ३ | ०८२/८३/आ/४० | प्रा.अम. डेन्टल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेन्टल | ६ | |
| ४ | ०८२/८३/आ/४१ | प्रा.अम. जनरल मेकानिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | उत्पादन | ११ | |
| ५ | ०८२/८३/आ/४२ | प्रा.अम. ईलेक्ट्रिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | उत्पादन | ३ | |

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समूह | उप-समूह | आ.प्र. | कै. |
|---|---|---|---|---|---|---|---|
| ६ | ०८२/८३/आ/४३ | प्रा.अम. आरमोरर मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ५ | |
| ७ | ०८२/८३/आ/४४ | प्रा.अम. आर्मामेन्ट मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १ | |
| ८ | ०८२/८३/आ/४५ | प्रा.अम. रेडियो मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ३३ | |
| ९ | ०८२/८३/आ/४६ | प्रा.अम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ३ | |
| १० | ०८२/८३/आ/४७ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | ३ | |
| ११ | ०८२/८३/आ/४८ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | २ | |
| १२ | ०८२/८३/आ/४९ | प्रा.अम. जनरल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | मर्मत तथा सम्भार | १० | |
| १३ | ०८२/८३/आ/५० | प्रा.अम. ईलेक्ट्रिसियन | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सिभिल तथा आर्किटेक्चर | २ | |
| १४ | ०८२/८३/आ/५१ | प्रा.अम. प्लम्बर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सिभिल तथा आर्किटेक्चर | २ | |
| १५ | ०८२/८३/आ/५२ | प्रा.अंम. वैल्डर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सिभिल तथा आर्किटेक्चर | १ | |
| १६ | ०८२/८३/आ/५३ | प्रा.अम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरीङ्ग | सूचना प्रविधि | १ | |
| १७ | ०८२/८३/आ/५४ | प्रा.अम. भेटेरिनरी | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | १ | |
| १८ | ०८२/८३/आ/५५ | प्रा.अम. एम्युनिशन प्राविधिक | सैनिक प्राविधिक | अन्य प्राविधिक | एम्युनिशन कार्य | ९ | |
| १९ | ०८२/८३/आ/५६ | प्रा.अम. प्याराच्युट फोल्डिङ्ग तथा मेन्टिनेन्स शाखा (पुरुष फोल्डर) | सैनिक प्राविधिक | अन्य प्राविधिक | प्याराच्युट फोल्डर तथा मर्मत | ३ | |
| २० | ०८२/८३/आ/५७ | प्रा.अम. (ए. एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई सम्भार | - | १ | |
| २१ | ०८२/८३/आ/५८ | प्रा.अम. (एंभियोनिक्स) ईलेक्ट्रिक/ ईलेक्ट्रोनिक | सैनिक हवाई | हवाई सम्भार | - | १ | |
| २२ | ०८२/८३/आ/५९ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | १ | |

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समूह | उप-समूह | आ.प्र. | कै. |
|---|---|---|---|---|---|---|---|
| २३ | ०८२/८३/आ/६० | प्रा.अम. एभिएसन स्टोर | सैनिक हवाई | अन्य हवाई | एभिएसन बन्दोवस्ती तथा प्रासी | १ | |
| २४ | ०८२/८३/आ/६१ | प्रा.अम. डिस्प्याचर | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | १ | |
| २५ | ०८२/८३/आ/६२ | अमल्दार कर्मचारी | सैनिक विविध | कर्मचारी | - | ३८ | |
| जम्मा | | | | | | १५२ | |

३. <u>दरखास्त पेस गर्ने मिति र स्थान</u>:

(क) **दरखास्त मितिः** मिति २०८२/१२/२७ गतेदेखि मिति २०८३/०१/२६ गतको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र दरखास्त दस्तुर (राजस्व) बुझाई दर्ता गर्न सकिने छ ।

(ग) **स्थानः** नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू ।

४. <u>आवश्यक न्यूनतम योग्यता</u>:

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| १ | ०८२/८३/आ/३८ | पण्डित हुद्दा | पूर्व मध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| २ | ०८२/८३/आ/३९ | प्रा.अम. मेडिकल | एस.एल.सी. वा सो सरह वा आर्मी फष्टक्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ३ | ०८२/८३/आ/४० | प्रा.अम. डेन्टल | एस.एल.सी. वा सो सरह वा आर्मी फष्टक्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ४ | ०८२/८३/आ/४१ | प्रा.अम. जनरल मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |
| ५ | ०८२/८३/आ/४२ | प्रा.अम. ईलेक्ट्रिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा ग्रेड तीन तालीम उत्तीर्ण गरेको । | |

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| ६ | ०८२/८३/आ/४३ | प्रा.अम. आरमोरर मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालिम ग्रेड चार वा सम्वन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ७ | ०८२/८३/आ/४४ | प्रा.अम. आर्ममिन्ट मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालिम ग्रेड चार वा सम्वन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ८ | ०८२/८३/आ/४५ | प्रा.अम. रेडियो मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ९ | ०८२/८३/आ/४६ | प्रा.अम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्टक्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| १० | ०८२/८३/आ/४७ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालीम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| ११ | ०८२/८३/आ/४८ | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालिम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| १२ | ०८२/८३/आ/४९ | प्रा.अम. जनरल मेकानिक्स | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्राविधिक आधार तालिम ग्रेड चार वा सम्बन्धित ट्रेडको ग्रेड चार र तीन तालीम उत्तीर्ण गरेको । | |
| १३ | ०८२/८३/आ/५० | प्रा.अम. ईलेक्ट्रिसियन | आठ कक्षा वा आर्मी सकेन्ड क्लास उत्ती र्ण गरी सम्बन्धित ईलेक्ट्रिसियन ट्रेडको ग्रेड तीन तालिम उत्तीर्ण गरेको । | |
| १४ | ०८२/८३/आ/५१ | प्रा.अम. प्लम्बर | आठ कक्षा वा आर्मी सकेन्ड क्लास उत्तीर्ण गरी सम्बन्धित प्लम्बर ट्रेडको ग्रेड तीन तालिम उत्तीर्ण गरेको । | |
| १५ | ०८२/८३/आ/५२ | प्रा.अम. वैल्डर | आठ कक्षा वा आर्मी सेकेण्ड क्लास उत्तीर्ण गरी सम्वन्धित ट्रेडको ग्रेड तीन तालिम उत्तीर्ण गरेको । | |

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| १६ | ०८२/८३/आ/५३ | प्रा.अम. कम्प्युटर | सैन्य आधार तालीम, एस.एल.सी. वा सो सरह उत्तीर्ण, मान्यता प्राप्त शिक्षण संस्थाबाट तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरी डेक्सटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटा वेश सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको बिशेष तालीम उत्तीर्ण गरेको । | |
| १७ | ०८२/८३/आ/५४ | प्रा.अम. भेटेरिनरी | एस.एल.सी. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी वा भेटेरिनरी वा भेट् फष्ट एड एण्ड एनिमल हाइजिन "ग" र "ख" श्रेणी उत्तीर्ण गरेको । | |
| १८ | ०८२/८३/आ/५५ | प्रा.अम. एम्युनिशन प्राविधिक | आठ कक्षा वा आर्मी सेकेण्ड क्लास उत्तीर्ण गरी एम्यूनिशन वेशिक, एम्युनिशन स्टोर किपर र एम्युनिशन एक्सप्लोसिभ बर्निङ तथा डेमोलिशन तालीम गरेको । | |
| १९ | ०८२/८३/आ/५६ | प्रा.अम. प्याराच्युट फोल्डिङ तथा मेन्टिनेन्स शाखा (पुरुष फोल्डर) | एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी प्याराच्युट फोल्डिङ तालिम गरेको । | |
| २० | ०८२/८३/आ/५७ | प्रा.अम. (ए. एण्ड सी.) मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |
| २१ | ०८२/८३/आ/५८ | प्रा.अम. (एभियोनिक्स) ईलेक्ट्रिक/ ईलेक्ट्रोनिक | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । | |

| सि.नं. | विज्ञापन नं. | पदको नाम | न्यूनतम शैक्षिक योग्यता | कैं. |
|---|---|---|---|---|
| २२ | ०८२/८३/आ/५९ | प्रा.अम. ग्राउण्ड ह्याण्डलिङ्ग | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| २३ | ०८२/८३/आ/६० | प्रा.अम. एभिएसन स्टोर | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी छ महिनाको स्टोर किपिङ तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| २४ | ०८२/८३/आ/६१ | प्रा.अम. डिस्प्याचर | (क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ्ग) वा लजिष्टिक सम्बन्धी तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।<br>(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । | |
| २५ | ०८२/८३/आ/६२ | अमल्दार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको । | |

<u>नोट</u>: *शैक्षिक योग्यतामा उल्लिखित एस.एल.सी. भन्नाले हालको एस.ई.ई. लाई समेत जनाउने ।*

५. <u>दरखास्त दस्तुर</u>: दरखास्त फाराम बुझाउँदा उम्मेदवारहरुले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४, परीक्षा शुल्क) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कलै भौचर प्रति १ (एक) वा अनलाईन मार्फत दस्तुर तिर्नेको हकमा दस्तुर तिरेको भुक्तानी रसिदको प्रतिलिपि १ (एक) अनलाईन भरेको दरखास्त फाराम साथ पेस गर्नु पर्नेछ।

(क) पण्डित हुद्दा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी - रु. २००।-

६. <u>छनौट परीक्षाहरू</u>:

(क) <u>शारीरिक परीक्षा</u>: शारीरिक परीक्षाको मापदण्ड निम्न बमोजिम हुनेछ ।

| पुरुष | महिला | कै. |
|---|---|---|
| (१) सिटअप १० पटक ।<br>(२) पुसअप १० पटक ।<br>(३) चिनअप ३ पटक ।<br>(४) खाली हात २ माइल दौड २१ मिनेट (४० वर्ष माथि) र १८ मिनेट (४० वर्ष मुनि) मा पूरा गर्नुपर्नेछ ।(ड्रेशः चुस्ता बुट) | (१) सिटअप ८ पटक ।<br>(२) पुसअप ५ पटक ।<br>(३) खाली हात १ माइल दौड ११ मिनेट ३० सेकेण्ड (४० वर्ष माथि) र १० मिनेट (४० वर्ष मुनि) मा पूरा गर्नुपर्नेछ ।(ड्रेशः चुस्ता बुट) | |

(ख) <u>लिखित परीक्षा</u>: लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ग) <u>प्रयोगात्मक परीक्षा</u>: सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(घ) <u>विस्तृत स्वास्थ्य परीक्षण</u>: मान्यता प्राप्त चिकित्सकहरूबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ।

(ङ) <u>अन्तर्वार्ता</u>: पदपूर्ति समितिका पदाधिकारीहरूबाट अन्तर्वार्ता हुनेछ ।

७. <u>उमेर हद</u>: उल्लिखित पदका लागि उम्मेदवारको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार हुनेछ । सैनिक हवाई सेवा र सैनिक विविध सेवा तर्फका उम्मेदवारहरुले आवेदन दिन पाउने अन्तिम मितिसम्ममा ३५ (पैंतिस) वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ ।

८. <u>थप योग्यता</u>:

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०१/२६ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ख) बडी मास इन्डेक्स (बि.एम.आई.) मा योग्य, स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई वा सो भन्दा कम भएको ।

(ग) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको ।

(घ) युनिटपतिको सिफारिस सहितको प्रो-फाराम **(हवाई/विविध सेवामा दरखास्त दिनेको हकमा उमेर तथा पटक अनिवार्य खुलेको)** हुनु पर्नेछ । साथै बुदा नं.८ को "ख" र "ग" समेतको योग्यता खुलेको हुनु पर्नेछ ।

(ङ) अन्य योग्यताको हकमा सम्बन्धित सेवाको नियमावली अनुसार हुनेछ ।

९. <u>सम्पर्क मिति र स्थान</u>: २०८३/०२/१३ गतेको ११०० बजे श्री नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

१०. <u>अन्य शर्तहरु</u>:

(क) हरेक परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरुले आ-आफ्नो प्रवेश पत्र, २X२ साईजको फोटो र सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ।

(ख) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेस गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेश गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(ग) उम्मेदवारहरूले पेस गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तर्वार्तामा समेत पेस गर्नु पर्नेछ । उम्मेदवारहरूले पेस गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

११. <u>अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी</u>:

(क) नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ । साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेदवारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् ।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भए पछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने ।

(ङ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र निवेदकको सहिछाप सहित नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, सानो भऱ्याङ्ग, स्वयम्भूमा तोकिएको मिति भित्र पेस गर्नु पर्नेछ ।

(च) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१२. यस सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसार पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक